"स्वच्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालवन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

मिति : २०८१/०६/०१

## प्रधानाध्यापकको पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

लालबन्दी नगरपालिकाको प्रधानाध्यापक छनोट तथा नियुक्ति सम्बन्धी कार्यविधि, २०७९ तथा प्रधानाध्यापक छनौट समितिको मिति २०८१/०५/२७ गतेको निर्णयानुसार यस नगरपालिकाको तपसिल बमोजिमका सामुदायिक विद्यालयहरुमा योग्य र प्रतिष्पर्धी प्रधानाध्यापकको व्यवस्थापन गर्न देहायको योग्यता पुगेका कार्यरत स्थायी शिक्षकहरुबाट विद्यालय विकास प्रस्ताव सहित निवेदन आव्हान गरिएको छ।

विद्यालयहरु :

(क) श्री मा.वि., तिनघरे, लालबन्दी न.पा.-१६, (ख) श्री मनपुरन जनता मा.वि., लालबन्दी न.पा.-३,
(ग) श्री जनता मा.वि., शिरकालिन्जोर, लालबन्दी न.पा.-१५,(घ) श्री आ.वि., भोर्लेनी, लालबन्दी न.पा.-१६,
(ङ) श्री आ.वि., सतास, लालबन्दी न.पा.-१४,

**१. आवश्यक योग्यता:**

(क) लालबन्दी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत सम्बन्धित तहमा स्थायी नियुक्ति भै कम्तीमा परीक्षण काल पूरा गरेका शिक्षकहरु हुनुपर्नेछ ।

(ख) कक्षा १-८ सञ्चालित आधारभुत विद्यालयका लागि: शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

(ग) माध्यामिक विद्यालयका लागि: शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको ।

२. निवेदन दिने अवधी: सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र ।

३. **आवश्यक कागजात:** निवेदनसाथ उम्मेदवारले आफु प्रधानाध्यापक हुन चाहेको विद्यालयको ५ वर्षे आवधिक विद्यालय विकास प्रस्ताव, शैक्षिक योग्यताको प्रमाण पत्र, तालिमको प्रमाणपत्र, नियुक्ति पत्र तथा बढुवा नियुक्तिको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ, विकास प्रस्ताव खामवन्दी हुनुपर्ने छ ।

४. विद्यालय विकास प्रस्ताव प्रधानअध्यापक छनौट तथा नियुक्ति कार्यविधि, २०७९ को दफा ५ को खण्ड "ख" वमोजिमको हुनुपर्नेछ ।

५. उम्मेदवारले एक भन्दा बढि विद्यालयको लागि विकास प्रस्ताव पेश गर्न पाइने छैन ।

६. यस कार्यविधि बमोजिम यस अघि नियुक्ती लिइसकेका प्रधानअध्यापकहरुले निवेदन पेशगर्न पाइने छैन।

७. विकास प्रस्ताव प्रस्तुतीकरण र अन्तवार्ताको लागि अर्को सूचना प्रकाशन गरिनेछ ।

८. प्रधाध्यापक छनौट समितिवाट प्राप्त मूल्याङकनको समष्टिगतको आधारमा विद्यालयगत योग्यताक्रमको सूची प्रकाशन गरिनेछ ।

९. सवैभन्दा बढी अंक प्राप्त गर्ने उमम्मेद्वारलाई दफा ५ को खण्ड ख वमोजिमको ढाँचामा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्यसम्पादन करार गराई प्रमुख प्रशासकीय अधिकृतबाट प्रधानाध्यापक पदमा नियुक्ति तथा पदस्थापन गराइनेछ।

२०८१।६।१

सदस्य सचिव, छनौट समिति